

सिरमुर ५/८ गोर्खा राइफल्स भूपू परिवार पोखराद्वारा आइतवार आयोजित कार्यक्रमका अतिथि। इन्सेटमा दोस्रो विश्वयुद्धको अनुभव सुनाउँदै ९४ वर्षका ह. कुलबहादुर गुरुङ। *तस्वीर : आदर्श समाज*

# सिरमुर ५/८ गोर्खाराइफल्सको ७७ औं वार्षिकोत्सव

❑आदर्श समाज संवाददाता

पोखरा, १ चैत। सिरमुर ५/८ गोर्खा राइफल्स भूपू परिवारले युद्धमा विजय हासिल गरेका क्षण स्मरण गर्दै ७७ औं वार्षिकोत्सव मनायो।

राइफल्सका ज्येष्ठ लडाकु ह. कुलबहादुर गुरुङ, सेकेन्ड जिआरद्वय क्या. कर्णबहादुर थापा र क्या. कृष्णप्रसाद गुरुङले उक्त कार्यक्रमको संयुक्त रुपमा उद्घाटन गरेका थिए।

प्रमुख अतिथिको आसनबाट बोल्दै दोस्रो युद्धका लडाकु ९४ वर्षिय ह. कुलबहादुर गुरुङले ब्रिटिस सेनामा भर्ना भई सन् १९४५ मा बर्मामा गएर जापानी फौजसँग लडाइँ गरेको अनुभव सुनाए।

उनले आफू कम्पनीबाट छनौट भएर बेलायत जाने अवसर पाएको उल्लेख गर्दै बेलायतको अनुशासन हाम्रा लागि अनुकरणीय रहेको बताए।

यसैगरी, क्या. कुलबहादुर गुरुङले पाकिस्तानसँगको लडाइँ स्मरण गर्दै सिरमुर सबैभन्दा तगडा पल्टन रहेको र धेरै मेडल प्राप्त गर्न सफल भएको बताए।

सेकेन्ड जिआर क्या. कर्णबहादुर थापाले ब्रिटिस सिरमुर राइफल्सका तर्फबाट शुभकामना व्यक्त गर्दै सम्बन्धलाई दिगो राख्ने बताए।

सेकेन्ड जिआर क्या. कृष्णप्रसाद गुरुङले सहयोग रहिरहने बताए।

परिवारका सँल्लाहकार क्या. लालप्रसाद गुरुङले सिरमुरले धेरै ख्याती कमाएको उल्लेख गर्दै वार्षिकोत्सवका उपलक्ष्यमा विभिन्न स्थानमा कार्यक्रम हुने जानकारी दिए।

प्रथम उपाध्यक्ष क्या. भुपरजङ गुरुङले स्वागत मनतव्य राख्दै दोस्रो विश्वयुद्ध अघि सन् १९४१ मार्च १५ मा स्थापना भएको सिरमुर पल्टनसँग युद्धको लामो अनुभव रहेको र लडाइँ बाहेक पनि विभिन्न क्षेत्रमा राम्रा कार्यहरु गर्दै आएको बताए।

सुवेदार मेजर भीमबहादुर गुरुङको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कोषाध्यक्ष सु. गिरीबहादुर गुरुङले संस्थालाई प्राप्त सहयोगबारे जानकारी गराएका थिए।

कार्यक्रमको सञ्चालन सचिव नायक निमबहादुर गुरुङले गरेका थिए।